५२३८m

# बन्दिपुर गाउँपालिकाको खानेपानी मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७९

पारित मितिः २०७९/१२/२८
कार्यपालिका बैठक नं.
प्रमाणिकतण मितिः २०८०/०१/१५

**प्रस्तावना** : बन्दिपुर गाउँपालिका क्षेत्रभित्र सफा र स्वस्थकर खानेपानीको पहुँच सबै गाउँबासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानीको मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको गठन सम्बन्धी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) र (प) बमोजिम बन्दिपुरगाउँपालिका गाउँ कार्यपालिकाबाट मिति : २०७९/८० मा स्वीकृत भई खानेपानी मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७९ बनाइएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

1) यस कार्यविधिको नाम **'बन्दिपुर गाउँपालिका, खानेपानी मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७९'** रहेको छ।

२) यो कार्यविधि बन्दिपुरगाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) 'खानेपानी' भन्नाले पिउने स्वच्छ पानी सम्झनुपर्छ ।

ख) 'अध्यक्ष' भन्नाले बन्दिपुर गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ ।

ग) 'उपाध्यक्ष' भन्नाले बन्दिपुर गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्छ ।

घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले बन्दिपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ङ) 'समिति' भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनुपर्छ ।

च) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. उपभोक्ता समिति दर्ता गर्नुपर्ने** : स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समितिले कार्यसञ्चालन गर्नुपर्नेछ । यस कार्यविधि बमोजिम दर्ता गाउँै कुनै पनि उपभोक्ता समितिले आफ्नो कार्यसञ्चालन गर्नु हुँदैन ।



५२३८m

४. **खानेपानीको मुल दर्ता गर्नुपर्ने** : गाउँपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) दर्ताको लागि गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछि निम्न अनुसारको ६ (छ) सदस्यीय समितिले मुल दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा आवश्यक ठानेमा स्थलगत अध्ययन सहित छानबिन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमति दिन सक्नेछ।

1) संयोजक : प्रमुख प्रशासकीय अधिकृत
२) सदस्य : योजना, अनुगमन तथा प्रशासन शाखा प्रमुख
३) सदस्य : पूर्वाधार शाखा प्रमुख
४) सदस्य : कृषि शाखा प्रमुख
५) सदस्य सचिव : खानेपानी सरसफाई उपशाखा प्रमुख

**५. समिति दर्ता :**

१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सोभन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धी देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिकाका प्रमुख समक्ष अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) समितिको नाम
ख) उद्देश्यहरु
ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपि
घ) कार्यालयको ठेगाना
ङ) समिति सञ्चालनको विधि र प्रक्रिया

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाणपत्र दिनेछ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता गाउँने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैंतीस) दिनभित्र त्यस्तो निर्णय उपर गाउँकार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

४) खानेपानी मुल, मुहानका सम्बन्धमा दावा,विरोध एंव असहमतीका लागि सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा 35 दिने सूचना प्रकाशन गर्नु पर्नेछ । वडा कार्यालयको सूचना टाँसको मुचुल्का तथा उजुरी दावा, विरोध सम्बन्धमा सत्य तथ्य बुझि सिफारिस गर्नु पर्नेछ । आवश्यक परेमा दावा, उजुरी सम्बन्धमा गाउँपालिका कार्यालय

आफैले छानबिन गर्न सक्नेछ ।विवाद रहित अवस्था सिर्जना गरेर मात्र दर्ता प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

५) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि गाउँकार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिब ठहऱ्याएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

६) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

७) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गर्नु पर्नेछ ।दर्ता दस्तुर रु. २,२००।- (रु. बाईस सय मात्र) र नवीकरण दस्तुर वार्षिक रु. १५००।- (रु. पन्ध्र सय मात्र) तिर्नु पर्नेछ । निर्धारित समयमा समितिले नवीकरण गाउँमा जरिवाना दस्तुर प्रति महिना नविकरण दस्तुरको १० प्रतिशत का दरले थप तिर्नु पर्नेछ ।

**६. समिति संगठित मानिने :**

1) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

2) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ति** :

1) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राखेबाट लिई समितिलाई फिर्ता बुझाइदिन सक्नेछ ।

2) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँकार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

3) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर कानून बमोजिम गाउँकार्यपालिकाले कारबाही चलाउन सक्नेछ ।

**८. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले पुन दर्ता गर्नु पर्ने** :

1) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भइरहेका समितिले समेत यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम पुन दर्ता गराउनु पर्नेछ । दर्ता हुनको लागि पहिले प्राप्त गरेको दर्ता

प्रमाणपत्र, विधान, गत आ. व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**९. समितिको उद्देश्यहरुमा हेरफेर :**

1) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखिएमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

2) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न गाउँकार्यपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

**१०. समितिको वर्गीकरण** : दर्ता अनुमती प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ ।

1) 'क' वर्ग : ५०१ जना वा सोभन्दा बढी उपभोक्ता सदस्य भएको
2) 'ख' वर्ग : २०१ देखि ५०० जना उपभोक्ता सदस्य भएको
3) 'ग' वर्ग : २०० जनासम्म उपभोक्ता सदस्य भएको

**११. संघ गठन गर्न सकिने** : दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख र सहयोगमा मातहतका सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

**१२. हिसाबको विवरण पठाउनु पर्ने** : उपभोक्ता समितिले आफ्नो समितिको कारोबारको लेखापरीक्षण गराई लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँकार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

**१३. हिसाब जाँच गर्ने** :

1) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा कुनै पनि बखत जाँच गराउन सक्नेछ।।

2) हिसाब जाँच गर्ने अधिकृतले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले सो प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ । सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ, भन्ने गाउँकार्यपालिकालाई लागेमा गाउँकार्यपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल उपर गर्न प्रचलित कानून

बमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ।

**१४. निर्देशन दिने** : गाउँकार्यपालिकाले सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१५. दण्ड सजाय :**

1) दफा (४) बमोजिम दर्ता भई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता गाउँ समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुबाट गाउँकार्यपालिकाले जनही एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

2) दफा (१२) बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरुबाट गाउँकार्यपालिकाले जनही एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ तर कुनै सदस्यले दफा (१२) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

3) दफा (१३) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई गाउँकार्यपालिकाले एक हजार रुपैयाँसम्म जनही जरिवाना गर्न सक्नेछ ।

4) दफा (९) बमोजिम गाउँकार्यपालिकाको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा गाउँकार्यपालिकाले दिएको निर्देशन पालना गाउँमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१६. पुनरावेदन** : दफा (१५) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

**१७. समितिको विघटन वा त्यसको परिणाम :**

1) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

2) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

3) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीहरुको जायजेथाबाट प्रचलित कानून अनुरुप असुल उपर गरिनेछ

**१८. नियम बनाउने अधिकार** : यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले नियम बनाउन सक्नेछ।

**१९. विघटन तथा सञ्चालन** : समितिले आफ्नो विधान अनुसार तोकिएको समयावधिभित्रमा नयाँ

कार्यसमिति चयन गर्न नसकेमा उक्त कार्यसमिति स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म गाउँकार्यपालिकाले तोकेको तदर्थ समितिबाट समिति सञ्चालन हुनेछ ।

***

५८५१-८५

## अनुसूची १
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### निवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुख ज्यू
श्री बन्दिपुर गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ ।

विषय : खानेपानी मुल/खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गरिदिने बारे ।

महोदय,

हामीले ... उपभोक्ता संस्था गठन गरी दर्ता गरेर सञ्चालन गर्न चाहेकोले बन्दिपुरगाउँपालिका, खानेपानी मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७९ को दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको एक प्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता समितिको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्य हरु : (क) .............. (ख) ....

४. सदस्यहरुको नाम, ठेगाना, पेशा र ना.प्र.प.नं. : (क) ....... (ख) ....... (ग) ........ (घ) .

५. उपयोग गरिने जलश्रोतको विवरण :

- क) जलश्रोतको नाम र रहेको ठाउँ :
- ख) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिमाण :
- ग) उक्त जलश्रोतको हाल भईरहेको उपयोग

६. उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :

- क) सेवाको किसिम
- ख) सेवा पुऱ्याउने क्षेत्र
- ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या
- घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना

७. आर्थिक श्रोतको विवरण

८. कार्यालयको ठेगाना :

९. निवेदक, उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सही :

नाम :

पद :

ठेगाना :



२०५७

अनुसूची २
(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)
उपभोक्ता समिति दर्ता प्रमाणपत्र

दर्ता नं.

**बन्दिपुर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ ।

श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम) ............. ........लाई बन्दिपुर गाउँपालिका, खानेपानी मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७९ को दफा (५) को गाउँपालिका, खानेपानी मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७९ बमोजिम आफ्नो कार्यसञ्चालन गर्नुहोला ।

मिति : २०७................
प्रमाणपत्र प्रदान गर्नेको सही :
नाम, थर :
पद : प्रमुख प्रशासकीय अधिकृत